# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ५** **भागः २** **संख्याः ३**

**प्रमाणीकरण मितिः२०८२/०४/०२**

## वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको निजी जग्गामा फलफूल बगैचा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२

दफा १ः प्रारम्भ

१.१ यो कार्यविधिको नाम "**वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको निजी जग्गामा फलफूल बगैचा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२**" हुनेछ।

१.२ यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि देखि लागू हुनेछ।

दफा २ः पृष्ठभूमि

२.१ मानेभन्ज्याङ गाउँपालिका कृषिमा आधारित, वैदेशिक रोजगारीको उच्च प्रभाव रहेको, र भूमिस्रोतमा समृद्ध स्थानीय तह हो।

२.२ वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको जमिन बाँझो रहनु, कृषिमा श्रमशक्ति घट्नु, उत्पादन क्षमता घट्नु, र खाद्य सुरक्षामा असर पर्न थालेको अवस्थालाई ध्यानमा राखी यो कार्यविधि तयार गरिएको हो।

## दफा ३: परिभाषा

यस कार्यविधिमा प्रयोग गरिएका शब्दावलीले निम्नार्थ जनाउनेछः

- **गाउँपालिका** भन्नाले मानेभन्ज्याङ गाउँपालिका जनाउनेछ।
- **वैदेशिक रोजगार** भन्नाले रोजगारीको शिलशिलामा नेपाल बाहिर गएका नेपाली नागरिक जनाउनेछ।
- **निजी जग्गा** भन्नाले वैदेशिक रोजगारीमा गएका व्यक्तिको नाममा दर्ता भई कृषियोग्य प्रयोजनका लागि उपयुक्त रहेको भूमि जनाउनेछ।
- **लाभग्राही** भन्नाले वैदेशिक रोजगारीमा रहेका व्यक्ति वा तिनका परिवारका सदस्यहरू जनाउनेछ।

## दफा ४: उद्देश्य

४.१ बाँझो तथा उपयोगमा नआएको निजी कृषियोग्य जग्गालाई उत्पादनमूलक बनाउने।
४.२ फलफूल बगैचालाई प्रोत्साहन गरी दीर्घकालीन आम्दानीको स्रोत तयार गर्ने।
४.३ वैदेशिक रोजगारीमा गएका व्यक्तिको सम्पत्तिको संरक्षण र उपयोग सुनिश्चित गर्ने।
४.४ कृषि उत्पादन विविधीकरण, वातावरण संरक्षण तथा ग्रामीण आत्मनिर्भरता प्रवर्द्धन गर्ने।

## दफा ५: आवेदन प्रक्रिया

५.१ इच्छुक लाभग्राही वा उनका परिवारका सदस्यहरूले तोकिएको ढाँचामा गाउँपालिकाको कृषि शाखामा आवेदन दिनुपर्नेछ।
५.२ आवेदनमा निम्न विवरण समावेश गर्नुपर्नेछः

- वैदेशिक रोजगारमा गएका व्यक्तिको विवरण (नाम, राहदानी प्रतिलिपि, रोजगारीको देश/कम्पनी)
- जग्गाको विवरण (लालपुर्जा प्रतिलिपि, कित्ता नं, वडा नं, क्षेत्रफल, हालको अवस्था)
- सहमतिपत्र (परिवारका सदस्यले आवेदन दिएको खण्डमा)
- हालको फोटो

## दफा ६: छनौट मापदण्ड

६.१ आवेदन प्राप्त भएपछि निम्न आधारमा छनौट गरिनेछः

- जग्गा बाँझो रहेको पुष्टि
- सिचाइको सुविधा वा सम्भाव्यता
- भूगोल र स्थानको पहुँच
- परिवारको सक्रिय सहभागिता
- मलखादको व्यवस्था

## दफा ७ः पालिकाको दायित्व

- ७.१ छनौट गरिएका लाभग्राहीहरूको जग्गामा उपयुक्त फलफूलका बिरुवा (जस्तैः कागती, अम्बा, नाशपाती सुन्तला, एबोकार्डो, आँप, लिचि, आरुबखडा, ओखर आदि) रोपी उत्पादन हुने अवस्थासम्मको सम्पूर्ण दायित्व गाउँपालिकाले बेहोरी कम्तीमा ३ वर्षपछि हस्तान्तरण गरिनेछ ।

## **दफा ८ः लाभग्राहीको दायित्व**

८.१ लाभग्राही वा उनका परिवारले निम्न कार्यहरू गर्नु पर्नेछः

- फल लाग्ने अवस्थासम्म जमिन भोगचलन गर्ने अधिकार गाउँपालिकालाई दिने ।
- मलखादको व्यवस्था गर्ने वा सो प्रयोजनका लागि आवश्यक रकम उपलब्ध गराउने ।

## दफा ९ः स्वामित्व र लाभ बाँडफाँट

९.१ जग्गाको स्वामित्व लाभग्राहीकै हुनेछ।
९.२ बाँझो जग्गामा उपयुक्त फलफूल रोपी उत्पादन हुने अवस्थासम्म पुयाउनु हुनेछ ।
९.३ उत्पादन र आम्दानीको स्वामित्व लाभग्राही परिवारकै हुनेछ।

## दफा १०ः अनुगमन तथा मूल्याङ्कन

१०.१ कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न पालिकाले अनुगमन समिति गठन गर्नेछ।
१०.२ हरेक आवधिक समयमा मूल्याङ्कन गरिनेछ। आवश्यक सुधार तथा परिमार्जन गरिनेछ।

## दफा ११ः अन्य व्यवस्था

११.१ कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने अधिकार गाउँपालिकाको हुनेछ।
११.२ कार्यविधिसम्बन्धी कुनै द्विविधा उत्पन्न भएमा अन्तिम निर्णय गाउँपालिकाले गर्नेछ।

**अनुसूची**

**(वैदेशिक रोजगारीमा गएका व्यक्तिको निजी जग्गामा फलफूल खेतीका लागि)**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
.................... गाउँपालिका
(कृषि शाखा)
...................., ओखलढुंगा

**विषय :** वैदेशिक रोजगारीमा गएका व्यक्तिको निजी जग्गामा फलफूल खेती गर्न सहयोगको लागि दरखास्त।

**श्रीमान्,**
म ______________________________ (पूरा नाम) को नामबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिको खाली रहेको निजी जग्गामा फलफूल खेती गर्नको लागि गाउँपालिकाबाट आवश्यक प्राविधिक, सामग्री तथा सहुलियतको सहयोग पाउँ भनी यसै दरखास्तसाथ अनुरोध गर्दछु।

## व्यक्तिगत विवरणः

- नामः ..............................................................
- नागरिकता नंः ............................. जारी मितिः ............
- स्थायी ठेगानाः ......................................................
- मोबाइल नंः ........................................................
- वैदेशिक रोजगारीमा गएका व्यक्तिको नामः ..............................
- सम्बन्धः ...........................................................
- वैदेशिक रोजगार गर्ने देश/कम्पनीः .....................................

## जग्गाको विवरणः

- जग्गाको क्षेत्रफलः .............................. कठ्ठा/रोपनी
- कित्ता नंः ......................

- वडा नं: .........................

- जग्गा रहेको स्थानः .........................................

- लालपुर्जा नम्बरः .........................

- हालको अवस्थाः बाँझो / अंश जोतिएको / अन्य (स्पष्ट गर्नुहोस्)

**प्रस्तावित खेतीको विवरणः**

- फलफूलको प्रकारः ................................................

- सिचाइ सुविधाः छ / छैन

- खेती गर्न चाहेको समयावधिः ..................... वर्ष

**संलग्न कागजातहरूः**

1. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
2. वैदेशिक रोजगारी प्रमाण (राहदानीको प्रतिलिपि वा अन्य)
3. लालपुर्जाको प्रतिलिपि
4. परिवारको सहमतिको पत्र (यदि आवेदक आफैं विदेशमा नभएर परिवार सदस्यले फारम भरिरहेका छन् भने)
5. जग्गाको फोटो (हालको अवस्था देखिने)

**तपशिलमा हस्ताक्षर गरी पेश गरिएको छ।**

मितिः .........................

..............................................

**आवेदकको नाम,**

**हस्ताक्षर**

आज्ञाले प्रमाणीकरण गर्ने

प्रमुख प्रशासकीय आधिकृत